पैयूँ गाउँपालिका, हुवास पर्वत
गाउँसभाको १८ औं अधिवेशन

बैठक संख्याः-१

समयः- विहान ८:०० वजे

पैयूँ गाउँपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूको अध्यक्षतामा मिति २०८३ आषाढ ९ गते बसेको गाउँसभाको १८ औं अधिवेशनबाट देहाय बमोजिमका प्रस्ताव उपर छलफल गरी सर्वसम्मत निर्णय गरियो।

प्रस्तावः१ः गाउँकार्यपालिकाको मिति २०८२/०३/०८ गतेको बैठकबाट स्वीकृत आगामी आ.व.०८२/८३ को नीति तथा कार्यक्रम सभाअध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूबाट गाउँसभामा प्रस्तुत गर्ने।

निर्णयः१ः सभाध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूबाट गाउँसभाको बैठकमा प्रस्तुत आगामि आ.व.०८३/८४ को बार्षिक नीति तथा कार्यक्रम (अनुसूची-१) उपर छलफल गरी सर्वसम्मत पारित गरियो।

अनुसूची -१

सभासदस्यज्यूहरु,

१ पैयूँ गाउँपालिकाको गरिमामय गाउँसभाको १८ औं अधिवेशनमा आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेको छु।

२ सर्वप्रथम नेपालको सार्वभौमसत्ता राष्ट्रिय एकता सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा विभिन्न कालखण्डमा नागरिक सर्वोच्चता स्वतन्त्रता सुशासन भ्रष्ट्राचार नियन्त्रण आर्थिक रुपान्तरण र जनउत्तरदायी शासन प्रणाली स्थापनाको आकाङ्क्षासहित भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

सभा सदस्यज्यूहरु,

३ नेपालको संविधान २०७२ ले परिकल्पना गरेको संङ्घीय शासन प्रणालीलाई मूर्तता प्रदान गरी शासन सञ्चालनलाई तीनतहबाट सञ्चालन गर्न स्थानीय तहको दोस्रो निर्वाचन २०७९ बाट म लगायत उपस्थित गाउँसभा सदस्यहरुलाई निर्वाचित गराउनुहुने सम्पूर्ण आमाबुवा दाजुभाई दिदी

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

बहिनी तथा सबै नागरिकप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। गर्दछु। "समृद्ध पैयूँ निर्माणका साझा लक्ष्य हासिल गर्न यहाँहरूले प्रदान गर्नुभएको माया, विश्वास, साथ र समर्थन मेरा लागि प्रेरणा, ऊर्जा र दृढ प्रतिबद्धताको आधार बनेको छ। जनअपेक्षा अनुरूप गाउँपालिकाको समग्र विकास, सुशासन तथा समृद्धिका लागि निरन्तर समर्पित रहने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

४ सङ्घीय शासन प्रणाली नेपालको राज्य संरचनामा आएको ऐतिहासिक रुपान्तरण हो। संविधानले प्रत्याभूत गरेको सङ्घीयताको मूल मर्मअनुसार राज्यको स्रोत, अवसर र सेवालाई सन्निकटताको सिद्धान्तको आधारमा जनस्तरसम्म पुऱ्याई नागरिकको प्रत्यक्ष अनुभूति मार्फत जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउनु स्थानीय सरकारको प्रमुख दायित्व हो। पैयूँ गाउँपालिका; नागरिकको आशा विश्वास र आकाङ्क्षालाई व्यवहारमा रुपान्तरण गर्न सदैव प्रतिबद्ध रहेको छ।

५ नेपालको संविधानको मर्म बमोजिम सुशासन समृद्धि सामाजिक न्याय र समावेशी विकास लाई केन्द्रमा राखी पैयूँ गाउँपालिकाले स्थापनाकाल देखि नै जनचाहना अनुरुप कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्दै आएको छ। संविधानको प्रस्तावनता मौलिक हक तथा राज्यको निर्देशक सिद्धान्त एवम् नीतिको साथै एकल तथा साझा अधिकारको अभ्यास गर्दै "समृद्ध पैयूँको आधार कृषि प्रविधि र पूर्वाधार" को दीर्घकालीन सोचलाई मार्गदर्शक सिद्धान्तको रुपमा अवलम्बन गरिएको छ। सन्तुलित विकास सामाजिक सद्भाव दिगो शान्ति कायम गर्न संघ प्रदेश र स्थानीयतह बीच सहकारीता सहअस्तित्व र समन्वयलाई थप सुदृढ बनाउदै नागरिकका आवश्यकता र अपेक्षा सम्बोधन गर्न स्थानीय सरकार अग्रसर रहेको छ।

६ संविधान कार्यान्वयनको करिब ११ वर्ष वितिसक्दा पनि स्थानीय सरकारको अधिकार पर्याप्त मात्रामा पाउन नसक्नु तथा सीमित स्रोत साधनमै शासन व्यवस्था सञ्चालन गर्नुपर्ने बाध्यताले आन्तरिक आयस्रोत बृद्धि गर्ने उद्देश्यले लगाइने कर तथा शुल्कहरुले कहिलेकाही स्थानीय सरकारप्रति जनअसन्तुष्टि र अलोकप्रियताको अवस्था सिर्जना गर्न सक्छन्।

७ प्रभावकारी सेवा प्रवाह सार्वजनिक जवाफदेहिता पारदर्शिता भष्ट्राचार नियन्त्रण तथा शासन प्रक्रियामा नागरिकको पहुँच र सहभागिता अभिवृद्धि गर्ने दिशामा हाम्रो सरकारले निरन्तर नीतिगत तथा संस्थागत सुधारका प्रयास अघि बढाएको छ। चालु आर्थिक वर्षमा कार्यसम्पादन मूल्याङ्कनमा जिल्ला अन्तर्गतको पालिकामा प्रथम, बेरुजुमा न्यून, स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा उत्कृष्टता प्राप्त भएको छ भने संस्थागत विकासमा एक कदम फड्को मार्दै

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

विगत १८ वर्ष देखि जीर्ण अवस्थामा रहेको सामुदायिक ग्रामीण विद्युतीकरणलाई समिति मार्फत सञ्चालनमा ल्याइ गति प्रदान गरिएको छ। साथै मर्दिखोला बजारक्षेत्रको खानेपानी समिति निर्माण तथा सहकारी क्षेत्रमा कार्य अगाडी बढाइएको छ।

८ **सुरुवातमा म, पैयूँ गाउँपालिकाको चालु आर्थिक वर्षको अपेक्षित लक्ष्य र उपलब्धि तथा कार्यान्वयनमा देखिएका चुनौतिहरु बीच प्राप्त भएका केही महत्वपूर्ण प्रगतिहरु समीक्षात्मक रुपमा प्रस्तुत गर्न चाहन्छु।**

९ गाउँपालिकावासी नागरिकलाई आफ्नै स्थानीय तहबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यका साथ दिन न्यून पूर्वाधारमा पैयूँ आधारभूत अस्पतालको सञ्चालन गरि अत्याधुनिक ल्याब सेवा स्वास्थ्य बीमा कार्यक्रम तथा फार्मेसी सञ्चालन मार्फत यो आ.व.मा गुणस्तरीय सेवा प्राप्त गरेका छन् भने १० शैया आधारभूत अस्पतालको भवन निर्माणको कार्य सम्पन्न भई हस्तान्तरणको अन्तिम चरणमा पुगेको छ।

१० पोषण लेखाजोखा कार्यक्रम अन्तर्गत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पोषणको अवस्था (तौल,उचाई मोटोपना र ख्याउटेपना) पहिचान गरि समयमै उपचारको दायरामा ल्याउने १५३५ जना विद्यार्थीलाई जुकाको औषधी खुवाने काम सम्पन्न भएको छ।

११ विद्यालयमा कक्षा ६ मा अध्ययनरत किशोरी तथा विद्यालय नजाने १० देखी १४ वर्षका किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्ध (HPV) खोप सञ्चालन गरि भविष्यमा पाठेघरको मुखको क्यान्सरबाट बचाउ सकिने लक्ष्य राखिएको छ।

१२ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको स्वास्थ्य अवस्थाको समयमै पहिचान, नियमित स्वास्थ्य निगरानी, दृष्टि परीक्षण, रक्त समूह पहिचान तथा विभिन्न स्वास्थ्य समस्याहरूको प्रारम्भिक अवस्थामै निदान गरी आवश्यक उपचार सेवाको पहुँच सुनिश्चित गर्ने उद्देश्यले विद्यालय स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिएको छ। यस कार्यक्रमअन्तर्गत कुल २,५०० जना विद्यार्थीहरूले स्वास्थ्य परीक्षण सेवा प्राप्त गरेका छन्। यसबाट विद्यार्थीहरूको स्वास्थ्य सचेतना अभिवृद्धि हुनुका साथै स्वस्थ, सक्षम र गुणस्तरीय शैक्षिक वातावरण निर्माणमा महत्वपूर्ण योगदान पुगेको छ।

१३ सुनौला १००० दिनका आमा तथा बालबालिकाको पोषण अवस्थामा सुधार गरी स्वस्थ, सुरक्षित तथा गुणस्तरीय जीवनयापनमा सहयोग पुऱ्याउने उद्देश्यले "उपाध्यक्षसँग गर्भवती तथा सुत्केरी भेटघाट कार्यक्रम" लाई निरन्तरता दिइनेछ। यस कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा ८६ जना सुत्केरी महिलालाई पोषण भत्ता वितरण गरिएको छ।

१४ चालु आर्थिक वर्षमा गाउँपालिकाभित्र रहेका ७० वर्ष उमेर पूरा गरेका ७९२ जना ज्येष्ठ नागरिक तथा दीर्घरोगी नागरिकहरूको स्वास्थ्य अवस्था परीक्षण, परामर्श तथा आवश्यक

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने उद्देश्यले *"अध्यक्षसँग ज्येष्ठ नागरिक कार्यक्रम"* सफलतापूर्वक सञ्चालन गरिएको छ। कार्यक्रममार्फत समुदायमा लुकेर रहेका दीर्घरोगीहरूको पहिचान गरी उनीहरूलाई समयमै उपचार तथा नियमित स्वास्थ्य सेवाको दायरामा ल्याउने कार्य सम्पन्न भएको छ। यस कार्यक्रमले ज्येष्ठ नागरिकको स्वास्थ्य सुरक्षा, सम्मान तथा जीवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

१५ गाउँपालिकाले फोहोरको उचित व्यवस्थापन गर्न गाउँपालिकाको बजार क्षेत्रबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनको लागि निर्माण भएको फोहोरमैला व्यवस्थापन केन्द्रलाई सञ्चालनमा ल्याइएको छ, उक्त कार्यको लागि महिनाको प्रत्येक शनिबार गाउँपालिकाको आफ्नै साधनबाट बजार क्षेत्रको फोहोरमैला सङ्कलन गरी व्यवस्थापन केन्द्रमा विसर्जन गर्ने कार्य निरन्तर चलिरहेको छ।

१६ गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने आर्थिक रूपमा विपन्न नागरिकहरूको औषधोपचारमा सहयोग पुऱ्याउन आवश्यक आर्थिक सहायता उपलब्ध गराइएको छ। साथै, खाद्य अभावतथा आधारभूत जीवनयापनबाट वञ्चित भई सङ्कटग्रस्त अवस्थामा रहेका १०७ जना नागरिकलाई हालसम्म तत्काल राहत स्वरूप आर्थिक सहायता प्रदान गरिएको छ।

१७ कृषकको माग र आवश्यकताको आधारमा कृषि तालिम प्रदान गर्दै मौसमी तथा बेमौसमी कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि महिलाको नेतृत्वमा हाईटेक टनेल परियोजना कार्यक्रममार्फत प्रत्येक वडामा व्यावसायिक कृषि उत्पादनमा आश्रित परिवारका लागि ७ वटा हाईटेक टनेल र २ वटा नर्सरी टनेल गरी पालिका अन्तर्गत जम्मा ४२ वटा हाईटेक टनेल तथा १४ वटा नर्सरी टनेल निर्माण अन्तिम चरणमा रहेको छ । तिहारे फुल तथा सेदिखोला किनारमा खरबुजा र तरबुजा खेतीको सम्भाव्यता अध्ययन सम्पन्न भएको छ।

१८ आधुनिक कृषि प्रणाली विकासका लागि कृषि क्षेत्रमा यान्त्रीकरण प्रवर्द्धन गर्न लागत साझेदारीमा १४ वटा मिनिट्रेलर र २२ वटा मिल वितरण कार्य अन्तिम चरणमा रहेको छ भने यो सँगै आधुनिक कृषि विकासका लागि होल मेकर, क्यारेट, मल्चिङ प्लास्टिक लगायतका विभिन्न सामाग्री अनुदान स्वरुप वितरण गरिएको छ।

१९ विपदमा कृषक सँगै पैयूँ भन्ने मान्यता बमोजिम गत कार्तिक महिनामा आएको वर्षाको कारण उत्पादित धानमा पुगेको क्षतिको मूल्याङ्कन गरी ६६३ घरधुरीको १४८८ रोपनी जग्गाको बालीका लागि राहत वितरण गरिएको छ।

२० कृषकहरुको माग र आवश्यकता आधारमा ५० प्रतिशत साझेदारीमा विरुवा वितरण कार्यक्रम अन्तर्गत हालसम्म ८१५ घरधुरीका कृषकहरुलाई ९००० सुन्तलाका विरुवा, ३०००

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

कागतीका विरुवा,५०० केराका विरुवा,२००० कफिका विरुवा वितरण गरिएको छ । साथै वडा नं. २ र ५ लाई सुन्तला पकेट क्षेत्र निर्धारण गरि आवश्यक आर्थिक र प्राविधिक सहयोग प्रदान गरिएको छ।

२१ कृषि उपज सङ्कलन तथा बजारीकरण गर्न Automation System को जेनेररेटर खरिद गरि चिस्यान केन्द्र सञ्चालनका लागि परीक्षण सफल भएको छ।

२२ कृषकको पहिचान गर्न किसान सूचीकरण कार्यक्रम सञ्चालन गरि कुल २२२१ घरधुरीको विवरण सङ्कलन गरि किसान सूचिकरण कार्यक्रम प्रणालीमा प्रविष्ट गरिएको छ ।

२३ पैयूँ क्षेत्रका नागरिकहरूलाई करसम्बन्धी सेवा लिन बागलुङ पुग्नुपर्ने अवस्थाको अन्त्य गर्दै, गाउँपालिकाले कृषि विकास बैंकसँगको सहकार्यमा करदाता सेवा कार्यालयको सेवा सञ्चालनमा ल्याएको छ। यसबाट हालसम्म ५० जना नागरिक प्रत्यक्ष रूपमा लाभान्वित भई सहज र गुणस्तरीय सेवा प्राप्त गरेका छन्।

२४ विगत ४ वर्षको अवधिमा २० कि.मि गोरेटोबाटो, १० कि.मि. सिंचाई कुलो तथा सडक नाली, १५ कि.मि. सडक स्तरोन्नति, २५०० मिटर सडक ढलान कार्य सम्पन्न गर्दै पैयूँ गाउँपालिकाका भित्रका विभिन्न क्षेत्रका सडकहरूलाई बाह्रै महिना सहज, सुरक्षित र भरपर्दो रूपमा सञ्चालन गर्न सकिने गरी स्तरोन्नति गरिएको छ।

२५ सुरक्षित आवास कार्यक्रम अन्तर्गत २५ जनालाई घर निर्माण गर्नुका साथै विपन्न नागरिकहरुका लागि शौचालय निर्माण कार्यक्रम अन्तर्गत १०० घरधुरीमा शौचालय निर्माण कार्य सम्पन्न भएका छन्।

२६ यसै गरी गाउँपालिकाको ठुला योजनाहरुमा सरौं- सिरवानी -हाडिखर्क- बालाकोट सडक, हाडिखर्क- भोर्ले -काभ्रे- ईकाङ्ग -जैथुम सडक, अगुवाखोला -साधने- कुवार्दी सिंचाई कुलो र पैयूँ ३ नं. वडा दलित विपन्न वस्ती खानेपानी आयोजना सम्पन्न भएका छन्।

२७ पैयूँ आधारभूत अस्पताल देखि हातेमालो चोक गल्छीना हुँदै गाउँपालिका भवन सडक कालोपत्र गर्ने कार्यको थालनी भएको छ।

२८ गाउँपालिकाको आन्तरिक आय वृद्धिको लागि कवाडी जन्य सामान निकासी कर उठाउन ठेक्का बन्दोबस्त गरिएको छ भने गाउँपालिकाको प्रशासकीय भवनको दक्षिण पश्चिम क्षेत्रमा पर्खाल भित्र मौज्दातमा रहेको ढुङ्गा, गिट्टी, बालुवा, आदिको बिक्री कर सङ्कलन गर्ने कार्य स्वयमं कार्यालयबाट हुदैछ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

२९ कृषिको उत्पादकत्व वृद्धि गर्न किसानहरुको खेतबारीको माटोको परीक्षण शिविर सञ्चालन गरि कुल ३४० वटा माटोको नमुना परीक्षण गरी रिपोटका आधारमा अम्लीय माटो भएको माटो सुधारका लागि ८५०० के.जि निशूल्क कृषि चुन वितरण गर्ने कार्य सम्पन्न भएको छ। चालु आर्थिक वर्ष देखि माटो परीक्षण कार्य सार्वजनिक विदाको दिन बाहेक प्रत्येक दिन किसानहरुको आवश्यकता अनुसार कार्यालयबाट गरिने व्यवस्था मिलाइएको छ।

३० लघु उद्यम विकास कार्यक्रम अन्तर्गत मादल बजाउने तालिम ६५ जनालाई, अचार बनाउने तालिम ४४ जनालाई, चप्पल बनाउने तालिम २५ जनालाई, मुडा बनाउने तालिम २५ जनालाई, बाँसको सामग्री बनाउने सिप तालिम २५ जनालाई, डलकुसन बनाउने तालिम ३५ जनालाई, झोला बनाउने तालिम २५ जनालाई, अगरवत्ती, बटारेको धुप र मच्छड धुप बनाउन तालिम ३० जनालाई प्रदान गरिएको छ भने उद्यमिहरुको स्तरोन्नतिको लागि थप तालिम र प्रविधि हस्तान्तरण अन्तर्गत ४ समूहलाई तान हस्तान्तरण र २० जनालाई वायरिङ्गको सामान हस्तान्तरण गरिएको छ। जसबाट २५० जना व्यक्ति लाभान्वित भएका छन्। जसबाट लघु उद्यम तर्फ उद्यमी विकास गर्न २०० जना व्यक्तिलाई तालिम तथा प्रविधि प्रदान गरिएको छ।

३१ मगरजातीको भाषा संरक्षण तथा संवर्धन गर्न पैयूँ गाउँपालिका वडा नं.३ मा ३० जना मगर भाषीलाई एक महिने तालिमा प्रदान गरिएको छ।

३२ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ६२ जना बेरोजगार व्यक्तिहरूलाई न्यूनतम १०० दिन बराबरको रोजगारी प्रदान गरिएको छ। साथै, "श्रमको सम्मान, राष्ट्रको अभियान" कार्यक्रममार्फत गाउँपालिकाका प्रत्येक वडामा प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक सञ्चालन गरिएको छ।

३३ गरिबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत अति गरिब परिवारलाई फलफूल खेतीमा आकर्षित गरी आय आर्जनमा टेवा पुर्याउने उद्देश्यले हालसम्म वडा नं.६ मा कुल ५५०० सुन्तलाको विरुवा वितरण गर्ने कार्य अगाडि बढेको छ।

३४ परम्परागत कृषि प्रणाली अन्तर्गत गोरुपालन तथा खेतीपातीमा संलग्न किसानहरूको मनोबल अभिवृद्धि गर्दै यस पेशाप्रति आकर्षण र निरन्तरता कायम राख्ने उद्देश्यले प्रति हल गोरु पालन गर्ने किसानलाई प्रोत्साहनस्वरूप रु. ४,००० का दरले १६७ जना किसानलाई प्रोत्साहन रकम उपलब्ध गराइएको छ।

३५ पशु स्वास्थ्य संरक्षण तथा प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखी आवश्यक अत्यावश्यक औषधी, उपकरण तथा सामग्रीहरूको पर्याप्त व्यवस्था गरिएको छ। साथै, सङ्घीय सरकारसँगको

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

समन्वय र सहकार्यमा एक जना भेटेरिनरी चिकित्सकको व्यवस्था गरी नियमित तथा गुणस्तरीय भेटेरिनरी सेवा प्रवाह गरिएको छ। पशुसेवा कार्यक्रम अन्तर्गत ९३७ जना कृषकलाई पशु स्वास्थ्य सम्बन्धी विभिन्न औषधी तथा प्राविधिक सेवा उपलब्ध गराइएको छ। त्यसैगरी, रेबिज रोग नियन्त्रण तथा रोकथामका लागि ३८ वटा कुकुरलाई रेबिज विरुद्धको खोप लगाउने कार्य सफलतापूर्वक सम्पन्न गरिएको छ।

३६ सुरक्षित आप्रवासन कार्यक्रम मार्फत वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउन प्रदेश सरकारको समन्वयमा इलाका प्रशासन कार्यालयमा रहेको सुरक्षीत आप्रवासन उपकेन्द्र मार्फत पैयूँ गाउँपालिकाका ५१७ जना, विहादी गाउँपालिकाका ३५४ र महाशिला गाउँपालिकाका १७५ जनासहित १०४६जनालाई वैदेशिक रोजगारी सम्बन्धी परामर्श सेवा सञ्चालन गरिएको छ।

३७ पैयूँ गाउँपालिकामा टोलस्तरीय सुरक्षित वैदेशिक रोजगार अभिमुखीकरण कार्यक्रम अन्तर्गत २०२ जनालाई अभिमुखीकरण प्रदान गरिएको छ । साथै वैदेशिक रोजगारका क्रममा हुने मृत्यु, ठगी र कामदारहरुको स्वास्थ्य समस्या अन्तर्गत ५ बटा समस्याहरु मध्ये ३ बटाका आर्थिक सहायता रकम रु १९ लाख रुपैयाँ प्राप्त भएको र बाँकी २ वटालाई वैदेशिक रोजगारी विभागमा सिफारिस गरिएको छ।

३८ पैयूँ गाउँपालिका भित्र रहेका २७ जना मानसिक रोगीहरुलाई मनोसामाजिक परामर्शकर्ताबाट परामर्श सेवा प्रदान गरी तिनिहरुको सामाजिक जीवन यापनमा सहजिकरण गरेको छ ।

३९ यस गाउँपालिकाको विभिन्न विद्यालयहरुमा लामो समयदेखि निरन्तर शिक्षण पेशामार्फत राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आउनुभएका शिक्षकहरूलाई सम्मानपूर्वक अवकाश जीवनतर्फ अभिप्रेरित गर्न स्वैच्छिक अवकाश सम्बन्धी "स्वर्णिम योजना" कार्यान्वयन गरिएको छ। उक्त योजना अन्तर्गत हालसम्म ६ जना शिक्षकहरूलाई स्वैच्छिक अवकाश सुविधा प्रदान गरिएको छ।

४० पैयूँ गाउँपालिकामा रहेका विद्यार्थी तथा शिक्षकहरुलाई उत्प्रेरित गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षक तथा विद्यार्थी सम्मान कार्यक्रम सम्पन्न गरिएकोछ।

४१ गाउँपालिकाभित्रका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरू बीच प्रतिस्पर्धात्मक खेलकुदको विकास, खेल प्रतिभाको पहिचान तथा प्रोत्साहन गर्ने उद्देश्यले अध्यक्ष कप खेलकुद तथा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरिएको छ। साथै, जिल्ला खेलकुद विकास समितिद्वारा आयोजित राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा यस गाउँपालिकाको टिम सहभागी भई उत्कृष्ट प्रदर्शन गर्दै तृतीय स्थान हासिल गर्न सफल भएको छ। यो उपलब्धिले गाउँपालिकामा खेलकुद क्षेत्रको विकास, खेलाडीहरूको मनोबल अभिवृद्धि तथा प्रतिभाशाली खेलाडी उत्पादनमा महत्वपूर्ण योगदान पुगेको छ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

४२ स्थानीय न्यायिक समिति तथा अन्तर्गतका वडा स्तरीय मेलमिलाप केन्द्रमा दर्ता भएका जम्मा ६ वटा उजुरीमध्ये ३ वटा उजुरी फछ्यौंट गरी न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाइएको छ भने बाँकी ३ वटा उजुरी आवश्यक प्रक्रिया अगाडि बढाई फछ्यौंटको क्रममा रहेका छन्।

४३ गाउँपालिकाको नियमन तथा अनुगमन क्षेत्राधिकारभित्र रहेका लामो समयदेखि निष्क्रिय, मापदण्ड विपरीत सञ्चालन भएका तथा संस्थागत सुशासन र वित्तीय अनुशासन कायम गर्न नसकेका सहकारी संस्थाहरूको अवस्था मूल्याङ्कन गरी प्रचलित कानुनबमोजिम विघटन तथा दर्ता खारेजीको प्रक्रिया अगाडि बढाइएको छ। यस प्रक्रियाबाट सहकारी क्षेत्रमा सुशासन, पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासन प्रवर्द्धन भई सहकारी क्षेत्रलाई थप व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ।

सभा सदस्यज्यूहरु,

पैयूँ गाउँपालिकाको आ.व २०८३/८४ को नीति कार्यक्रम एवं बजेट निर्माण गर्ने सन्दर्भमा हामीले यहाँका बौद्धिक व्यक्तित्व, राजनीतिक दल, सरोकारवाला संघ संस्था, सामाजिक आर्थिक क्षेत्रमा क्रियाशील व्यक्तित्वहरु संग बृहत छलफल र अन्तरक्रिया तथा सूचना प्रविधिका विभिन्न माध्यमबाट देश विदेशमा रहनुभएका महानुभावहरु सँग सुझाव सङ्कलन गरी वैज्ञानिक र वस्तुनिस्ठ नीति कार्यक्रम तय गरेर दीर्घकालिन र दिगो योजना छनौट गर्ने प्रयास गरेका छौं। अब म तिनै सुझाव सङ्कलनबाट प्राप्त सुझाव तथा मार्गनिर्देशन सहित पैयूँ गाउँ कार्यपालिका बाट स्वीकृत पैयूँ गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

आर्थिक क्षेत्र

४४ गाउँपालिकाको भौगोलिक अवस्था तथा वातावरणीय सम्भावनाको अध्ययनसँगै माटोको अवस्थाको परीक्षण तथा विश्लेषण गरी माटो स्वास्थ्य सुधार कार्यक्रम र अध्यक्ष-उपाध्यक्ष कृषि कार्यक्रम मार्फत कृषक उत्प्रेरणा कार्यक्रम सञ्चालन गरिनेछ।

४५ गाउँपालिकाको विभिन्न क्षेत्रमा व्यावसायिक सुन्तला खेतीका लागि प्रचुर सम्भावना भएकोले उक्त स्थानहरुमा सुन्तला खेतीको विकास र विस्तारको लागि गाउँपालिका आफैले कृषकसँग साझेदारीमा सञ्चालन गरिने कार्यक्रम ल्याइनेछ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

४६ कृषि उत्पादनको उत्पादकत्व वृद्धि गर्न कृषिमा रुपान्तरणका लागि कृषकहरुलाई आवश्यक सीपमूलक तथा प्राविधिक तालिमको व्यवस्था गर्दै कृषि बालीमा रासायनीक विषादीको प्रयोगलाई न्यूनकरण गर्दै प्राङ्गारिक खेती प्रवर्द्धनका गर्न कृषक पाठशाला (IPM) कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइने छ।

४७ पैयूँ क्षेत्र सामुदायिक ग्रामिण विद्युतीकरण उपभोक्ता समितिको सशक्तीकरण तथा परस्पर साझेदारीमा विद्युत समस्या समाधान गरी पैयूँ क्षेत्रको विद्युतलाई व्यवसायमैत्री गरिनेछ। नेपाल विद्युत प्राधिकरणबाट प्राप्त हुने सबस्टेशसन निर्माणको योजनालाई तत्काल कार्यान्वयनका लागि पहल गरिनेछ।

४८ सामुदायिक विद्यालयमा प्रविधि र कृत्रिम बौद्धिकताको विकासका लागि पालिकामार्फत एक विद्यालय एक ICT ल्याब सञ्चालनमा ल्याइनेछ। साथै विद्यार्थिमा सो क्षेत्रको चेतनाको विकासका लागि गाउँपालिकामा रहेको जनशक्तिको उपयोग गरी कम्तिमा प्रत्येक विद्यालयमा हप्ताको १ दिन ICT/ AI प्रयोगात्मक कक्षा सञ्चालनमा ल्याइनेछ।

४९ संस्थागत विकासका लागि गाउँपालिका अन्तर्गत रहेका विभिन्न संघ संस्थाहरुलाई अभिमुखीकरण तथा सशक्तीकरण कार्यक्रम सञ्चालन गरी विधिसम्मत सञ्चालनमा नआएका संघ संस्था तथा सहकारीहरुको अनुगमन गरी नियमन मार्फत विधिसम्मत सञ्चालनमा ल्याइनेछ।

५० भाडाको घरबाट सञ्चालनमा रहेको इलाका प्रशासन कार्यालयको भवन निर्माणलाई तीव्रता दिन आवश्यक समन्वय र सहजिकरण गरिनेछ। आर्थिक वर्ष ०८३/८४ भित्र इलाका प्रशासनको भवन निर्माण सम्पन्न भइ नयाँ भवनबाट सेवा प्रवाह हुने गरी व्यवस्था मिलाईनेछ ।

५१ यस गाउँपालिकाको केन्द्रबाट बग्ने सेदीखोला किनारमा खर्बुजा तर्बुजा लगाउने किसानहरुलाई आवश्यक तालिम तथा विउविजन लगाएतका सामग्रीहरु प्रोत्साहन स्वरुप उपलब्ध गराइने छ।

५२ स्थानीय हावापानी तथा भू-परिवेश अनुकूल रैथाने बालीको संरक्षण, प्रवर्द्धन तथा व्यावसायिकरणलाई प्राथमिकता दिइनेछ। रैथाने बीउको उत्पादन, सङ्कलन, भण्डारण र उपयोगलाई प्रोत्साहन गरिनेछ।

५३ पैयूँ गाउँपालिका क्षेत्रभित्रका कृषियोग्य जमिनमा साना सिंचाइ कुलोहरुको निर्माण तथा मर्मत गरी बाह्रै महिना सिंचाइको सुविधा पुऱ्याउन सना सिंचाई आयोजना सञ्चालन गरिने छ।

५४ विद्यालय परिसर तथा उपलब्ध जग्गाको सदुपयोग गरी "एक विद्यालय, एक करेसाबारी" कार्यक्रम सञ्चालन मार्फत विद्यार्थीहरुलाई कृषि पेशा प्रति आकर्षित गरिने छ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

५५ पशुपंछीमा लाग्ने सङ्क्रामक तथा महामारीजन्य रोगको रोगथामको लागि वडागत पशु पंक्षी शिविर सञ्चालन गरिने छ।

५६ ऐतिहासिक पैयूँकोट, नायक सायब थान, फूलबारी दरबार, पालुस्थान, दफूर्को, शिवपुरी धाम, चन्द्रेश्वर शिवालय मन्दिर, सिद्धेश्वर मन्दिर, मण्डली देवी, ढुवाखोला झरना, गोभानसिंह कपासे झरना, छिच्याउदी झरना, टकलाक शिवालय मन्दिर, विश्वनाथ शिला, नागेश्वर मन्दिर, नाच्नेडाँडा पर्यटकीय स्थल, कोलकाटे, वैष्णवी देवी मन्दिर, मुसुरबारी कालिकादेवी मन्दिर, चिन्तन चौतारी, टाङटाङ गुफा, न्यौपाने गाउँ मन्दिर, थुम्की गुफा,बाघखोर गुफा, सित्ले देवीथान, थमथमी माई ग्यामी, हिले गुम्बा, पात्ले पर्यटकीय स्थल, चालालुङ गुफा, शिवालय कुटी, चिल्ड्रेन पार्क, त्रिवेणी धाम, ऐना पहरा लगायतका गाउँपालिकाका धार्मिक तथा पर्यटकीय स्थलहरुमा पर्यटन पूर्वाधारहरुको विकास तथा विस्तार गर्दै उपयुक्त पूर्वाधार निर्माण गर्न संघ तथा प्रदेश सरकारसंग समन्वय गर्ने कार्यलाई निरन्तरता दिइने छ।

५७ स्थानीय आर्थिक विकास, रोजगारी सिर्जना तथा उत्पादनशील क्षेत्रको प्रवर्द्धनका लागि औद्योगिक विकासलाई प्रमुख आधारका रूपमा ग्रहण गर्दै औद्योगिक ग्राम स्थापना तथा सञ्चालनका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

५८ लघुउद्यम विकास कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाउँदै सम्भावित सबै बस्तीस्तरसम्म विस्तार गरिनेछ। साथै, ड्राइभिङ, हाउस वायरिङ, प्लम्बिङ, कपाल काट्ने, सिकर्मी, डकर्मी तथा सिलाइकटाई लगायतका सीपमूलक तालिम र क्षमता विकास कार्यक्रम सञ्चालन गरी स्वरोजगार तथा आयआर्जनका अवसर सिर्जना गर्ने कार्यलाई निरन्तरता दिइनेछ

५९ गाउँपालिकाको नियमन क्षेत्रअन्तर्गतका सहकारी संस्थाहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरी निष्क्रिय एवं सञ्चालनविहीन सहकारी संस्थाहरूलाई कानुनी प्रक्रिया अनुसार विघटन तथा दर्ता खारेजी गरिनेछ र स्वस्थ, व्यवस्थित तथा समस्या-रहित सहकारी क्षेत्र निर्माणका लागि आवश्यक पहल गरिनेछ।

६० उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सृजना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन सम्बन्धी क्रियाकलाप गर्न गाउँपालिकाभित्रका आर्थिक तथा सामाजिक रुपले पिछडिएका तथा लोपोन्मुख जातीहरुलाई प्राथमिकता दिइनेछ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

सामाजिक क्षेत्र

६१ स्थानीय तहभित्र क्रियाशील युवा क्लबहरूको संस्थागत सुदृढीकरण, नेतृत्व विकास, उद्यमशीलता प्रवर्द्धन, सामाजिक सचेतना, खेलकुद, वातावरण संरक्षण तथा सामुदायिक विकासमा युवाको सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले प्रतिस्पर्धात्मक प्रस्तावनाको आधारमा युवा क्लबहरुलाई अनुदान उपलब्ध गराइनेछ। अनुदान वितरणका लागि आवश्यक मापदण्ड, कार्यविधि तथा मूल्याङ्कन प्रणाली तयार गरी पारदर्शी र नतिजामुखी ढंगबाट कार्यक्रम सञ्चालन गरिनेछ।

६२ उच्च शिक्षा प्रदायक बहुमुखि क्याम्पसहरु र नमुना विद्यालयको शैक्षिक क्रियाकलापलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन प्रदान गर्दै आएको अनुदानलाई निरन्तरता दिइनेछ।

६३ आफ्नो गाउँ आफै चिनौ भन्ने भावना अनुरुप विद्यार्थीहरुमा स्थानीय कला, संस्कृति, भाषा, भेषभूषा, धार्मिक, सांस्कृतिक र ऐतिहासिक स्थलहरुको चिनारी एवं सोको संरक्षण र सम्मानको भावना जगाउन पूर्ण रुपमा स्थानीय विषयवस्तु समावेश गरी कक्षा १ देखी कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम परिमार्जन र वितरण कार्यलाई निरन्तरता दिइने छ।

६४ शैक्षिक गुणस्तर अभिवृद्धिका लागि बालविकास शिक्षक, विद्यालय कर्मचारी र विद्यालय सहयोगीको उच्च मनोबल कायम गर्न बालविकास शिक्षक, विद्यालय कर्मचारी र सहयोगीलाई प्रदान गर्दै आएको सेवा सुविधामा वृद्धि गरिनेछ।

६५ युवा क्लुवहरु तथा युवा लक्षित संघ संस्थाहरुसँग सहकार्य गर्दै युवाहरुमा नेतृत्व विकासका अवसरहरु प्रदान गरिनेछ साथै युवा क्लवहरुलाई मागमा आधारित प्रोत्साहन अनुदान र आवश्यक खेलकुद सामग्री प्रदान गरिनेछ।

सदस्यज्यूहरु,

६६ म स्वस्थ, मेरो समुदाय स्वस्थ" अभियान सञ्चालन गरी स्वस्थ जीवनशैली, पोषण, सरसफाइ, नियमित स्वास्थ्य परीक्षण तथा स्वास्थ्य सचेतनामूलक कार्यक्रमहरू समुदायस्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइने छ।

६७ ज्येष्ठ नागरिकहरूको सम्मान, अनुभवको उपयोग तथा उनीहरूको सामाजिक, स्वास्थ्य र मनोसामाजिक संरक्षणलाई प्रवर्द्धन गर्न 'अध्यक्षसँग ज्येष्ठ नागरिक कार्यक्रम सञ्चालन गरिनेछ। कार्यक्रममार्फत ज्येष्ठ नागरिकसँग नियमित अन्तरक्रिया, स्वास्थ्य परीक्षण, सम्मान कार्यक्रम, अनुभव आदान-प्रदान तथा आवश्यक सेवा-सुविधामा पहुँच अभिवृद्धि गरिनेछ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

६८ गाउँपालिकाका स्वास्थ्य संस्थाहरुका लागि अत्यावश्यक पर्ने औषधीहरु, भिडियो एक्सरे मेसिन, ल्याव सञ्चालन उपकरणको व्यवस्था गरी सेवा प्रवाहलाई प्रभावकारी वनाइनेछ साथै स्वास्थ्य संस्थाको सेवामा विद्युतीय प्रविधिको प्रयोगको प्रवन्ध मिलाइनेछ।

६९ सुरक्षित प्रसूति सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गरी मातृ तथा शिशु मृत्युदर न्यूनीकरण गर्न गाउँपालिकाभित्र सञ्चालित सबै बर्थिङ सेन्टरहरूलाई आवश्यक पूर्वाधार, उपकरण तथा जनशक्तिसहित सुविधा सम्पन्न बनाइनेछ। साथै स्वास्थ्य संस्थाबाहिर हुने सुत्केरीको दरलाई शून्यमा झार्ने लक्ष्यका साथ जनचेतना तथा सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ। सुत्केरी महिलाको स्वास्थ्य र आवश्यक पोषण सुनिश्चित गर्न उपाध्यक्षसँग सुत्केरी भेटघाट कार्यक्रम लाई निरन्तरता दिइनेछ।

७० सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्यलाई प्रवर्द्धन गर्न गर्भवती तथा सुत्केरी महिलाहरूलाई स्वास्थ्य संस्थासम्म पुग्न र आवश्यक अवस्थामा घरसम्म फर्काउन निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ। प्रसूति सेवामा सहज पहुँच सुनिश्चित गरी मातृ तथा शिशु मृत्युदर न्यूनीकरण गर्न एम्बुलेन्स सेवाको प्रभावकारी व्यवस्थापन तथा समन्वय गरिनेछ।

७१ गाउँपालिका अन्तर्गत प्रवाह भइरहेका स्वास्थ्य सेवाहरूलाई थप गुणस्तरीय, पहुँचयोग्य र प्रभावकारी बनाउन पैयूँ आधारभूत अस्पतालमा सञ्चालनमा रहेको प्रयोगशाला (ल्याब) तथा फार्मेसी सेवाको व्यवस्थापनलाई थप सुदृढ, व्यवस्थित र सेवामैत्री बनाउँदै लगिनेछ। साथै, लामो समयदेखि समुदायस्तरमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका महिला स्वास्थ्य स्वयंसेविकाहरूले सेवा निवृत्त हुन चाहेको अवस्थामा उनीहरूको योगदानको उच्च सम्मान गर्दै सम्मानजनक विदाइको व्यवस्था गरिनेछ।

७२ बालबालिका सम्बन्धी बाल सञ्जालको गठन तथा सञ्चालन र बालबालिकाको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरूलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइने छ साथै निर्माण गरिएका वा गरिने सामाजिक एवं भौतिक पूर्वाधारहरुलाई बालबालिका एवं अपाङ्गतामैत्री बनाउँदै लगिने नीतिलाई निरन्तरता दिइनेछ ।

७३ आदिवासी जनजाति तथा अन्य स्थानीय समुदायहरूको मौलिक कला, भाषा, संस्कृति, भेषभूषा र परम्पराको संरक्षण, संवर्धन तथा प्रवर्द्धन गरिनेछ। साथै गाउँपालिकाभित्र रहेका सबै जातजातिका मौलिक सांस्कृतिक सम्पदाको संरक्षण र प्रदर्शनका लागि गाउँपालिका स्तरमा एक सङ्ग्रहालय स्थापना गर्न प्रदेश सरकारसँग आवश्यक समन्वय र पहल गरिनेछ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

७४ गाउँपालिकाभित्रका सुरक्षित घरबास नभएका आर्थिक रुपले विपन्न घरपरिवारहरुलाई सुरक्षित आवास निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

७५ गाउँपालिकाभित्र परम्परागत रुपमा सञ्चालित मेला तथा जात्राहरुलाई संरक्षण तथा सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता गरिनेछ।

७६ सामाजिक न्यायलाई जनस्तरमा पुऱ्याउन स्थानीय न्यायिक समिति तथा वडास्तरमा स्थापना भएको मेलमिलाप केन्द्रमा रहेका सहजकर्तालाई थप क्रियाशील बनाइनेछ ।

७७ समाजमा विद्यमान जातीय विभेद, दाइजो प्रथा, महिला हिंसा, बालविवाह जस्ता कुरीतिलाई निरुत्साहित गरिनेछ, जाँड रक्सी, जुवातास तथा लागु औषध दुर्व्यसनी जस्ता सामाजिक विकृतीलाई नियन्त्रण गर्ने नीति अवलम्बन गरिनेछ ।

७८ पूर्ण सरसफाइसम्बन्धी राष्ट्रिय रणनीति कार्यान्वयन गरी खानेपानी सरसफाई तथा स्वच्छता सम्वन्धी कार्ययोजना वास प्लान तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

७९ एक घर-एक धारा कार्यक्रमको मूल मर्म र उद्देश्यलाई आत्मसात गर्दै नागरिकलाई स्वच्छ, सुरक्षित तथा गुणस्तरीय खानेपानी सेवा उपलब्ध गराउने लक्ष्यका साथ नयाँ खानेपानी आयोजनाहरू निर्माण गरिनेछ। साथै, सञ्चालनमा रहेका तथा जीर्ण अवस्थामा पुगेका खानेपानी योजनाहरूको आवश्यक मर्मत, सुधार तथा स्तरोन्नति गरी खानेपानीको गुणस्तर सुनिश्चित गर्न आवश्यक प्रशोधन प्रणालीको व्यवस्था गर्दै नियमित तथा दिगो रूपमा खानेपानी आपूर्तिको लागि प्रदेश सरकारसँग आवश्यक समन्वय, सहकार्य गरिनेछ।

८० गाउँपालिकाभित्र बढ्दै गरेको बजारीकरणबाट उत्पन्न फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानका लागी फोहोरमैला सङ्कलन गरी व्यवस्थापन कार्य भैरहेको छ यस कार्यलाई थप व्यवस्थित बनाउन कुहिने र नकुहिने फोहोरलाई वर्गीकृत गरी व्यवस्थित गरिनेछ।

८१ पैयूँ गाउँपालिका वडा नं ५ मा रहेको फोहोरमैला सङ्कलन केन्द्र सम्म जाने सडकको स्तरोन्नति गरी फोहोरमैला सङ्कलनमा सहजता ल्याइने छ। साथै गाउँपालिकाका सबै वडाहरुमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

सदस्यज्यूहरु,

<u>पूर्वाधार क्षेत्र</u>

८२ स्थानीय सडक सञ्जाललाई व्यवस्थित गरी यातायात सेवालाई प्रभावकारी बनाउन गाउँपालिकाको यातायात गुरु योजना निर्माण गरिनेछ।

८३ गाउँपालिका स्तरीय आयोजना बैंक स्थापना गरी योजनाहरूको व्यवस्थित अभिलेखीकरण तथा प्राथमिकताका आधारमा छनोट गरिनेछ, र संघ सरकार, प्रदेश सरकार तथा गाउँपालिका बीच समन्वय गरी आवश्यक बजेट विनियोजन सुनिश्चित गर्दै उपलब्ध स्रोत-साधनको प्रभावकारी परिचालनमार्फत योजनाहरूको कार्यान्वयन व्यवस्थित र परिणाममुखी बनाइनेछ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

८४ गाउँपालिकाको मुख्य सडकहरुको लगत काट्ने व्यवस्था गरी सडकहरुलाई गाउँपालिकाको मातहतमा ल्याउन आवश्यक सहजिकरण र सहकार्य गरी सम्पन्न गरिनेछ ।

८५ सडक, पुल, खानेपानी तथा सिंचाइ लगायतका भौतिक पूर्वाधारहरूको निर्माण गर्दा आर्थिक, सामाजिक र वातावरणीय प्रभावहरूको समुचित अध्ययन गरी गुणस्तरीय, दिगो तथा वातावरणमैत्री पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ। साथै ग्रामीण सडकहरू वर्षभरि सहज रूपमा सञ्चालन हुन सक्ने गरी आवश्यक व्यवस्थापन तथा स्तरोन्नति गरिनेछ।

८६ गाउँपालिकाभित्रका विद्यमान सडकहरूको स्तरोन्नति तथा दिगो सडक सञ्जाल विकासमार्फत "सबैका लागि र सधैंका लागि सडक" भन्ने अवधारणालाई साकार पार्न सडक स्तरोन्नतिको कार्यलाई निरन्तरता दिइनेछ। यसका लागि ग्रामीण तथा कृषि सडकहरूको निर्माण, विस्तार र सुधारका क्रममा स्थानीय स्तरमा उत्पादन हुने निर्यातमुखी तथा बजारयोग्य उत्पादनहरूको ढुवानी र बजारीकरणलाई सहज बनाउने उद्देश्यका साथ प्राथमिकता निर्धारण गरिनेछ

८७ गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गाको एकीकृत लगत सङ्कलन गरी सरकारी तथा सार्वजनिक हितका लागि प्रयोग गरिनेछ।

८८ भोर्ले गेमी मोटरेवल पुल चिसापानी वेलि ब्रिज निर्माणमा आवश्यक सहकार्य र सहजता प्रदान गरी निर्माणको सुरुवात गरिने छ भने आगामी आर्थिक वर्षमा थप ५०० मिटर सडक कालोपत्रे ३०० मिटर सडक ढलान गरिने छ।

८९ गाउँपालिकालाई कार्यक्षेत्र बनाएर स्वच्छ पत्रकारिता गर्ने सञ्चारकर्मी/पत्रकारहरुलाई प्रोत्साहन गरिनेछ। गाउँपालिकाभित्र सञ्चालन हुने डिजिटल अनलाइन पत्रिका, एफ. एम. रेडियो लगायत सञ्चार मिडियालाई प्रोत्साहन गरिनेछ।

९० निजी क्षेत्र, गैर सरकारी संघ संस्था / व्यक्तिको अग्रसरतामा निर्माण हुने पर्यटकीय पूर्वाधार, सुरक्षित बस्ती स्थापना लगायतका कार्यलाई गाउँपालिकाले प्रोत्साहन गर्नेछ ।

९१ युवाहरुको खेल प्रतिभाको पहिचान र खेलकुद क्षेत्रको विकासका लागि पैयूँ गाउँपालिकाको केन्द्रमा एक सुविधा सम्पन्न कभर्डहल निर्माण गर्न प्रदेश तथा संघ सरकारसँग समन्वय गरिनेछ।

९२ पूर्वाधार निर्माण कार्यलाई दिगो र व्यवस्थित बनाउन लागत साझेदारीमा लाभग्राहीको जनसहभागिताको सुनिश्चितताको लागि पैयूँ गाउँपालिकामा मर्मत सम्भार कोष निर्माण गरी निर्मित पूर्वाधारको मर्मत सम्भार गर्ने व्यवस्था मिलाइनेछ।

९३ गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने सडक ढलान, सडक कालोपत्रे, पुल, नाला, भवन लगायतका जटिल तथा लागतयुक्त पूर्वाधार निर्माण कार्यहरूको गुणस्तर, दिगोपना र प्रभावकारिता सुनिश्चित गर्न निर्माण सामग्री तथा सम्पन्न कार्यको प्रचलित राष्ट्रिय मापदण्ड बमोजिम अनिवार्य प्रयोगशाला परीक्षण (ल्याब टेस्ट) गर्ने व्यवस्था लाई निरन्तरता दिइने छ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

९४ निर्माणाधीन पैयूँ आधारभूत अस्पताल, हातेमालो चोक हुँदै गाउँपालिका भवनसम्म जोड्ने सडकलाई स्तरोन्नति, सौन्दर्यीकरण तथा आवश्यक पूर्वाधारसहित **"पैयूँ नमूना सडक"** का रूपमा विकास गरिनेछ। उक्त सडकमा गुणस्तरीय सडक संरचना, नाली, फुटपाथ, सडक बत्ती, हरियाली प्रवर्द्धन तथा आवश्यक अन्य पूर्वाधारहरूको विकास गरी सुरक्षित, व्यवस्थित, आकर्षक र वातावरणमैत्री सडकका रूपमा स्थापित गरिनेछ।

<u>वन, वातावरण तथा विपद् व्यवस्थापन</u>

९५ नदी तथा खोलाहरूमा तटबन्ध निर्माण गरी नदी किनारका बस्ती, भौतिक संरचना, सम्पदा तथा कृषियोग्य जमिनको संरक्षण गर्ने, जग्गा उकास गर्ने तथा आकस्मिक रूपमा उत्पन्न हुने जलजन्य प्रकोपबाट हुने क्षति र यसको प्रभाव न्यूनीकरण गर्न प्रदेश सरकारको नीतिअनुरूप यस सम्बन्धी कार्यहरूमा प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिने नीति अवलम्बन गरिनेछ।

९६ पैयूँ गाउँपालिकामा नदिजन्य जोखिम न्यूनीकरण गर्नका लागि सेदीखोला मर्दिखोला तटबन्धनका लागि आयोजना सञ्चालन तथा चेक ड्याम निर्माणलाई तीव्रता गरिने छ।

९७ बाँदरको समस्याले आम जनजीवनमा प्रभाव पारेको अवस्थामा अन्य स्थानमा बादर समस्या समाधानका लागि गरेको असल अभ्यासलाई अनुकरण गरी समस्या न्यूनीकरण गर्न पहल गरिने छ।

९८ सबै प्रकारका विपद्बाट सिर्जना हुने सङ्कटपूर्ण परिस्थितिलाई मध्यनजर गर्दै विपद् व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९९ स्थानीय नागरिकको सहभागिताका माध्यमबाट वनको संरक्षण, दिगो व्यवस्थापन तथा संस्थागत सुदृढीकरण गरी दैनिक जीवनयापनमा आवश्यक पर्ने वन पैदावारको सुलभ आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ।

१०० गाउँपालिका क्षेत्रभित्र रहेका लोपोन्मुख वनस्पति, जडीबुटी र वन्यजन्तुहरुको पहिचान गरी संरक्षण र सम्वर्द्धन गरिने कार्यलाई निरन्तरता दिइनेछ।

१०१ तत्काल भू-संरक्षण तथा जलाधार व्यवस्थापनसम्बन्धी कार्यहरू अगाडि बढाई भूक्षय तथा प्राकृतिक विपद्का जोखिमहरूको रोकथाम र नियन्त्रणका प्रभावकारी उपायहरू अवलम्बन गरिनेछ। साथै, जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षणमा योगदान पुऱ्याउने जनचेतनामूलक कार्यक्रमहरूलाई विशेष प्राथमिकता दिइनेछ।

१०२ संघ तथा प्रदेश सरकारसँगको प्रभावकारी समन्वय, सहकार्य तथा साझेदारीमा विपद्जन्य घटनाबाट प्रभावित घरपरिवारहरूको सुरक्षित, व्यवस्थित र दिगो पुनःस्थापनालाई प्राथमिकतामा राख्दै निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी कार्यक्रमहरूलाई

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

निरन्तरता दिइनेछ। साथै, विपद्पश्चात् आवास पुनर्निर्माण कार्यलाई गुणस्तरीय, सुरक्षित र मापदण्ड अनुकूल बनाउन प्राविधिक सहयोग, क्षमता अभिवृद्धि तथा आवश्यक सहजीकरणको व्यवस्था गरिनेछ। प्रभावित परिवारहरूलाई पुनःस्थापनाको प्रक्रियामा सहज पहुँच सुनिश्चित गर्दै विपद् प्रतिरोधी तथा सुरक्षित आवास निर्माणलाई प्रोत्साहन गरिनेछ।

<u>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</u>

१०३ यहाँका नागरिकहरुबाट वर्षौं देखि मागभई आएको भूमि प्रशासन कार्यालयको (मालपोत तथा नापी) कार्यलाई गाउँपालिकाबाटै सञ्चालनका लागि आवश्यक पहल भइसकेको अवस्थामा यहाँको नागरिकलाई जिल्ला सदरमुकम कुश्मा जानुपर्ने बध्यतालाई निराकरण गर्न आ.व.०८३/८४ को सुरु देखि सेवा सञ्चालन हुने गरी कार्यप्रकृया वढाइने छ।

१०४ पैयूँ गाउँपालिकाको कार्यप्रणालीमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली GIOMS मार्फत डिजिटल रुपान्तरण सँगै साइबर सुरक्षा, विद्युती औजारको सुरक्षित प्रयोग र तथ्याङ्क अद्यावधिक सम्बन्धी क्षमता अभिवृद्धि गर्न आवश्यक कार्यक्रम ल्याईनेछ।

१०५ पैयूँ गाउँपालिका र यस अन्तर्गतका कार्यालयहरुमा आवश्यक पर्ने अत्याधुनिक सर्भर,सफ्टवेयर र प्राविधिक पूर्वाधार निर्माणका लागि आवश्यक बजेट सुनिश्चितता गरिनेछ ।

१०६ पैयूँ गाउँपालिका तथा अन्तर्गतका सबै कार्यालयबाट प्रवाह हुने सेवाहरूलाई थप व्यवस्थित, प्रभावकारी, उत्तरदायी, पारदर्शी तथा नागरिकमैत्री बनाउन आन्तरिक नियन्त्रण प्रणाली, विद्युतीय शासन, गुनासो व्यवस्थापन तथा नागरिक सन्तुष्टि सर्वेक्षणलगायतका उपायहरूको प्रयोगलाई निरन्तरता दिइनेछ।

१०७ संस्थागत क्षमता सुदृढीकरणका साथै कर्मचारीहरुको मनोबल उच्च राख्नका लागि सङ्घीय र प्रदेश सरकारको घोषणा बमोजिम कर्मचारीको सेवा सुविधामा वृद्धि गरी कार्यसम्पादनलाई प्रोत्साहन गरिनेछ ।

१०८ गाउँपालिकाभित्र राजश्वका दरलाई यथोचित रूपमा एकीनीकरण गर्दै यसको दायरा विस्तार गरिनेछ। साथै, राजश्व अन्तर्गत सम्पत्ति कर तथा भूमिकर (मालपोत) सङ्कलन कार्यलाई वडा कार्यालयमार्फत अनलाइन प्रणालीको प्रयोग गरी प्रभावकारी रूपमा सञ्चालन गर्दै उक्त व्यवस्थालाई निरन्तरता दिइनेछ

१०९ आर्थिक वर्षको असोज मसान्तभित्र व्यवसाय नविकरण र सम्पत्ती तथा भूमिकर बुझाउदा आर्थिक ऐन बमोजिम तोकिएको कर तथा शुल्कमा १० प्रतिशत छुट दिने व्यवस्था गरिनेछ । साथै लामो समयदेखि व्यवसाय नविकरण, सम्पत्तिकर तथा भूमिकर बुझाउन नआई बक्यौता

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

बाँकी रहेका व्यवसाय तथा घरपरिवारहरुलाई लाग्दै आएको जरिवाना रकममा २० प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिइने छ।

११० सेवाप्रवाहमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, महिला तथा बालबालिकाहरुलाई प्राथमिकता दिँदै नागरिकहरुलाई घर दैलोमै सेवा प्रवाह गर्न घुम्ती सेवा कार्यक्रमको प्रवन्धलाई निरन्तरता दिइने छ।

१११ पैयूँ गाउँपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय तथा सहज बनाउन विद्युतीय हाजिरी प्रणाली, डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ। साथै सूचना प्रविधिमा आधारित विभिन्न सफ्टवेयर तथा डिजिटल प्रणालीहरूको प्रयोगमार्फत सेवा प्रवाहलाई आधुनिक, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन आवश्यक थप कदमहरू चालिनेछन्।

११२ सामाजिक सुरक्षा भत्ता वितरण तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाइन प्रविधिमार्फत् सञ्चालन गरिएकोमा यस कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

११३ सुशासन, पारदर्शिता, जवाफदेहिता तथा जनसहभागितालाई संस्थागत गर्न सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखापरीक्षण तथा अन्य सार्वजनिक उत्तरदायित्वका संयन्त्रहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ। सार्वजनिक खर्च र आर्थिक गतिविधिलाई पारदर्शी, उत्तरदायी तथा परिणाममुखी बनाउँदै भ्रष्टाचार, अनियमितता, दुरुपयोग र अपारदर्शीता विरुद्ध शून्य सहनशीलताको नीतिलाई निरन्तरता दिइनेछ।

११४ सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रभावकारी प्रयोगलाई प्राथमिकता दिँदै सार्वजनिक सेवाहरूलाई थप छिटो, छरितो, पारदर्शी, भरपर्दो तथा सेवाग्राहीमैत्री बनाइनेछ। साथै, संस्थागत सुशासन, जवाफदेहिता तथा कार्यसम्पादनको प्रभावकारिता अभिवृद्धि गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ, व्यवस्थित र प्रविधिमैत्री बनाउँदै वित्तीय तथा प्रशासनिक व्यवस्थापनलाई अझ प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

११५ स्थानीय आवश्यकता, सम्भावना र उपलब्धता बीच प्रभावकारी सामञ्जस्य कायम गर्दै सार्वजनिक, सहकारी तथा निजी क्षेत्रका स्रोत-साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी स्थानीय उत्पादन, उद्यमशीलता, रोजगारी सिर्जना, नवप्रवर्तन, वातावरणीय सन्तुलन तथा जलवायु उत्थानशीलतालाई प्रवर्द्धन गर्दै दिगो, समावेशी र उत्थानशील विकास सुनिश्चित गरिनेछ।

११६ गाउँपालिकाको विविध पक्षको अध्ययन, अनुसन्धान र जनप्रतिनिधि तथा कार्यरत कर्मचारीहरुको क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानसँग समन्वय गर्ने कार्यलाई निरन्तरता दिइने छ।

११७ न्यायिक समितिलाई थप क्रियाशील, सक्षम, प्रभावकारी र उत्तरदायी बनाउँदै न्याय सम्पादन कार्यलाई छिटो, सहज, पारदर्शी तथा व्यवस्थित बनाउन न्यायिक समितिका सदस्य, टोल संयोजक तथा सरोकारवालाहरूका लागि क्षमता अभिवृद्धि, कानुनी सचेतना र सीप विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

११८ सुरक्षित आप्रवासन कार्यक्रम मार्फत वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउन प्रदेश सरकारको समन्वयमा इलाका प्रशासन कार्यालयमा रहेको सुरक्षीत आप्रवासन उपकेन्द्र मार्फत बैदेशिक रोजगारी सम्बन्धी परामर्श सेवा निरन्तरता दिइनेछ ।

११९ पैयूँ गाउँपालिका क्षेत्रभित्र रहेका सम्भावित मनोसामाजिक समस्या भएका व्यक्तिहरुलाई परामर्श सेवा उपलब्ध गराउन मनोसामाजिक परामर्शकर्ता मार्फत प्रदान गरिने परामर्श सेवालाई निरन्तरता दिई समस्यामा रहेका विरामीहरुलाई सहज पूर्ण सामाजिक जीवन यापनमा सहजता प्रदान गरिनेछ।

१२० पैयूँ गाउँपालिकामा रहेका सम्पूर्ण विद्यालयहरुमा विद्यार्थीहरुलाई कानुनी सचेतनाका लागि न्यायिक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

सभा सदस्यज्यूहरु,

१२१ स्थानीय सरकारले हासिल गरेका उपलब्धिहरूलाई संस्थागत तथा दिगो बनाउँदै आर्थिक, सामाजिक र सांस्कृतिक सबै क्षेत्रमा तीव्र र समावेशी विकासलाई गति दिई समृद्ध पैयूँ को दीर्घकालीन लक्ष्य प्राप्त गर्ने दृढ संकल्पका साथ आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

१२२ प्रस्तुत नीति तथा कार्यक्रमको सफल, प्रभावकारी र परिणाममुखी कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवाला पक्षहरूको सक्रिय सहयोग, समन्वय तथा प्रतिबद्ध सहभागिताको हार्दिक अपेक्षा गर्दछु। यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट समृद्ध, सुशासित र आत्मनिर्भर पैयूँको निर्माण भई सम्पूर्ण पैयूँवासीको जीवनमा सुख, समृद्धि र खुसियालीको अनुभूति क्रमशः अभिवृद्धि हुँदै जानेछ भन्ने दृढ विश्वास लिएको छु।

१२३ अन्त्यमा, पैयूँ गाउँपालिकाको समग्र विकास, समृद्धि र सुशासनको यात्रामा अमूल्य योगदान पुऱ्याउनुहुने गाउँसभा सदस्यज्यूहरू, स्थानीय राजनीतिक दलहरू, निजी क्षेत्र, सहकारी क्षेत्र तथा विकासका सबै साझेदारहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै राष्ट्रसेवक कर्मचारी, श्रमिक तथा श्रमजीवी, नागरिक समाज, बुद्धिजीवी, पत्रकार तथा सञ्चारकर्मी, सामाजिक अभियन्ता एवं सम्पूर्ण पैयूँवासी दाजुभाइ तथा दिदीबहिनीहरूले निर्वाह गर्नुभएको र आगामी दिनमा समेत अपेक्षित सहयोग तथा योगदानका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु। पैयूँको उज्ज्वल भविष्य निर्माणमा यहाँहरूको निरन्तर साथ, सहयोग र ऐक्यबद्धता रहने विश्वास व्यक्त गर्दछु

धन्यवाद।

तोरण मल्ल ठकुरी
अध्यक्ष

आषाढ ९, २०८३

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका, हुवास पर्वत
गाउँसभाको १८ औं अधिवेशन

बैठक संख्याः-२

समयः- दिउसो १०:३० वजे

पैयूँ गाउँपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूको अध्यक्षतामा मिति २०८३ आषाढ ९ गते बसेको गाउँसभाको १८ औं अधिवेशनबाट देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो।

<u>उपाध्यक्ष श्री यामकुमारी रानाज्यूबाट गाउँसभामा प्रस्तुत</u>

<u>प्रस्तावहरुः</u>

१:- गाउँकार्यपालिकाको मिति २०८३/०३/०८ गतेको बैठकबाट आ.व.०८३/८४ को लागि स्वीकृत भएको **आर्थिक विधेयक, २०८३,**

२:- गाउँकार्यपालिकाको मिति २०८३/०३/०८ गतेको बैठकबाट आ.व.०८३/८४ को लागि स्वीकृत भएको **बार्षिक बजेट तथा कार्यक्रम,**

३:- गाउँकार्यपालिकाको मिति २०८३/०३/०८ गतेको बैठकबाट आ.व.०८३/८४ को लागि स्वीकृत भएको **विनियोजन विधेयक, २०८३,**

४:- आ.व.०८२/८३ को हाल सम्मको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु,

५:- आ.व.०८२/८३ को हाल सम्मको आम्दानी तथा खर्च,

६:- आ.व.०८२/८३ को हाल सम्मको योजना तथा कार्यक्रमहरुको खर्च,

७:- आ.व.०८२/८३ को संशोधित योजना तथा कार्यक्रम,

८:- आ.व.०८२/८३ को स्थानीय न्यायिक समितिको बार्षिक प्रतिवेदन ।

९:- पैयूँ गाउँपालिकाको १० वर्षे (०८३/८४-०९३/९४) शिक्षा योजना।

१०:- पैयूँ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M)।

११:- यज्ञश्वस आ.वि.विद्यालय अनुदान।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

<u>निर्णयहरु:</u>

निर्णय नं. १:- उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत आ.व.०८२/८३ को आर्थिक विधेयक, २०८३ (अनुसूची -१) सर्वसम्मत पारित गरियो।

निर्णय नं.२:- उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा आ.व. ०८३/८४ का लागि प्रस्तुत रु.४२,७१,०६,०००।- (अक्षरेपि चालीस करोड एकहत्तर लाख छ हाजार मात्र) को बार्षिक बजेट तथा कार्यक्रम (अनुसूची- २) सर्वसम्मत पारित गरियो।

निर्णय नं. ३:- उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत आ.व.०८३/८४ को विनियोजन विधेयक, २०८३ (अनुसूची -३) सर्वसम्मत पारित गरियो ।

निर्णय नं. ४:- उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत आ.व.०८२/८३ को हाल सम्मको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु सर्वसम्मत पारित गरियो।

निर्णय नं. ५:- उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत आ.व.०८२/८३ को हाल सम्मको आम्दानी तथा खर्च सर्वसम्मत पारित गरियो। (अनुसूची-४)

निर्णय नं. ६:- उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत आ.व.०८२/८३ को हाल सम्मको योजना तथा कार्यक्रमहरुको खर्च सर्वसम्मत पारित गरियो।

निर्णय नं. ७:- उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत आ.व.०८२/८३ को संशोधित योजना तथा कार्यक्रम सर्वसम्मत पारित गरियो।

निर्णय नं. ८:- उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत आ.व.०८२/८३ को स्थानीय न्यायिक समितिको बार्षिक प्रतिवेदन सर्वसम्मत पारित गरियो।

निर्णय नं. ९: उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत गर्नुभएको पैयूँ गाउँपालिकाको १० वर्षे (०८३/८४-०९३/९४) शिक्षा योजना सर्वसम्मत पारित गरियो।

निर्णय नं. १०: उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत गर्नुभएको पैयूँ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M) सर्वसम्मत पारित गरियो।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

निर्णय नं.११: पैयूँ गाउँपालिका वडा नं.६ मा अवस्थित यज्ञश्वर आधारभूत विद्यालयलाई रु.१,००,०००।(अक्षरेपि एक लाख मात्र) विद्यालय अनुदानको रुपमा आ.व.०८२/८३ को मागमा आधारित शीर्षकबाट अनुदान उपलब्ध गराउने कार्यपालिको निर्णय सर्वसम्मत पारित गरियो।

अनुसूची - १

(गाउँसभाको १८ औं अधिवेशनबाट स्वीकृत)

आर्थिक विधेयक,२०८३

प्रस्तावना: पैयूँ गाउँपालिकाले आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा (१०२) बमोजिम यो ऐन बनाएको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "पैयूँ गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ।
(२) यो विधेयक २०८३ साल श्रावण १ गते देखि पैयूँ गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२ **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

३ **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४ **घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५ **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६ **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यावसायिक कारोबार गरेबापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

७ **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका रिक्सा, अटोरिक्सा तथा इ-रिक्सामा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।

८ **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।

९ **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम प्रदेश कानूनले तोके अनुसार कर संकलन हुनेछ ।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

१० **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूची मा भएको व्यवस्थाअनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११ **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएवापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२ **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३ **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहालय जस्ता सम्पदाको उपयोग गरेबापत अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१४ **कर छुटः** यस ऐन बमोजिम आर्थिक बर्ष प्रारम्भ भएको तीन महिनाभित्र/ असोज मसान्त भित्र व्यवसाय कर, सम्पत्ती कर, सवारी साधन कर, भूमिकर (मालपोत) बुझाउदा तोकिएको दर तथा शुल्कमा १० प्रतिशत छुट दिन सकिनेछ । आर्थिक वर्ष सकिएपछि व्यवसाय नविकरण, सम्पत्तिकर तथा भूमिकर बुझाउन नआई बक्यौता बाँकी रहेका व्यवसाय तथा घरपरिवारहरुलाई लाग्दै आएको जरिवाना रकममा असोज मसान्त सम्ममा बुझाउन आएमा २० प्रतिशत छुट दिन सकिनेछ ।

१५ **कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिः** यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

अनुसूची -१. सम्पत्ती कर

सि.नं.	सम्पत्ति मूल्य	चालु आ.व.को दर	आ.व.०८३/८४ को लागि प्रस्तावित	पुष्टयाई
१	रु. १ देखि १० लख सम्म	२००	२००	०.०२०
२	रु. १० लाख १ देखि २० लाख सम्म	५००	५००	०.०२५
३	रु. २० लाख १ देखि ३० लाख सम्म	९००	९००	०.०३०
४	रु. ३० लाख १ देखि ५० लाख सम्म	१७५०	१७५०	०.०३५
५	रु. ५० लाख १ देखि १ करोड सम्म	३०००	३०००	०.०३०
६	रु. १ करोड १ देखि २ करोड सम्म	६२००	६२००	०.०३१
७	रु. २ करोड १ देखि ५ करोड सम्म	१६०००	१६०००	०.०३२
८	रु. ५ करोड माथी जति सुकै भए पनि	१८०००	१८०००	०.०३३
क्र.स.	संरचनाको प्रकार	प्रति वर्ग फिट (मुल्य रु.)		कैफियत

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

१	कच्ची घर एक तला	१००	
२	कच्ची घर एकतला माथि	२५०	
३	आर.सि.सि./ पक्की घर	१२००	
आर्थिक बर्ष प्रारम्भ भएको तीन महिनाभित्र/ असोज मसान्त भित्र सम्पत्ती कर बुझाउदा तोकिएको दर तथा शुल्कमा १० प्रतिशत छुट दिन सकिनेछ । एक आर्थिक वर्ष देखि सम्पत्ती कर बुझाउन नआई बक्यौता बाँकी रहेका घरपरिवारहरुलाई लाग्दै आएको जरिवाना रकममा २० प्रतिशत छुट दिन सकिनेछ र आर्थिक वर्ष समाप्त भएपछि पनि कर नबुझाएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने शुल्कको २० प्रतिशत विलम्ब/जरिवाना शुल्क लाग्नेछ ।			

अनुसूची -२. भूमिकर

सि.नं.	जग्गाको मूल्य	चालु आ.व.को दर	आ.व.०८३/८४ को लागि प्रस्तावित	पुष्ट्याई
१	रु.१ देखि २ लाख सम्म	१००	१००	एकमुष्ट
२	रु.२ लाख १ देखि ३ लाख सम्म	१२५	१२५	प्रतिलाख रु.२५ थप
३	रु.३ लाख १ देखि ५ लाख सम्म	१७५	१७५	प्रतिलाख रु.२५ थप
४	रु.५ लाख १ देखि ७ लाख सम्म	२२५	२२५	प्रतिलाख रु.२५ थप
५	रु.७ लाख १ देखि १० लाख सम्म	३००	३००	प्रतिलाख रु.२५ थप
६	रु.१० लाख १ देखि १३ लाख सम्म	३९०	३९०	प्रतिलाख रु.३० थप
७	रु.१३ लाख १ देखि १६ लाख सम्म	४८०	४८०	प्रतिलाख रु.३० थप
८	रु.१६ लाख १ देखि २० लाख सम्म	६००	६००	प्रतिलाख रु.३० थप
९	रु.२० लाख १ देखि २५ लाख सम्म	७५०	७५०	प्रतिलाख रु.३० थप
१०	रु.२५ लाख १ देखि ३० लाख सम्म	९००	९००	प्रतिलाख रु.३० थप
११	रु.३० लाख १ देखि ४० लाख सम्म	१२००	१२००	प्रतिलाख रु.३० थप
१२	रु.४० लाख १ देखि ५० लाख सम्म	१५००	१५००	प्रतिलाख रु.३० थप

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

१३	रु.५० लाख १ देखि ६५ लाख सम्म	१९५०	१९५०	प्रतिलाख रु.३० थप
१४	रु.६५ लाख १ देखि ८० लाख सम्म	२४००	२४००	प्रतिलाख रु.३० थप
१५	रु.८० लाख १ देखि १ करोड सम्म	३२००	३२००	प्रतिलाख रु.४० थप
१६	रु.१ करोड १ देखि २ करोड सम्म	७२००	७२००	प्रतिलाख रु.४० थप
१७	रु.२ करोड १ देखि ३ करोड सम्म	११२००	११२००	प्रतिलाख रु.४० थप
१८	रु.३ करोड १ देखि ४ करोड सम्म	१५२००	१५२००	प्रतिलाख रु.४० थप
१९	रु.४ करोड १ देखि ५ करोड सम्म	१९२००	१९२००	प्रतिलाख रु.४० थप
२०	रु.५ करोड देखि माथि जतिसुकै भएपनी			प्रतिलाख रु.५० थप
आर्थिक बर्ष प्रारम्भ भएको तीन महिनाभित्र/ असोज मसान्त भित्र भूमीकर (मालपोत) बुझाउदा तोकिएको दर तथा शुल्कमा १० प्रतिशत छुट दिन सकिनेछ। एक आर्थिक वर्ष देखि भूमीकर (मालपोत) बुझाउन नआई बक्यौता बाँकी रहेका घरपरिवारहरुलाई लाग्दै आएको जरिवाना रकममा २० प्रतिशत छुट दिन सकिनेछ र आर्थिक वर्ष समाप्त भएपछि पनि कर नबुझाएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने शुल्कको २० प्रतिशत विलम्ब/जरिवाना शुल्क लाग्नेछ ।				

अनुसूची - ३. घरवहाल कर

सि.नं.	घरको प्रकार	चालु आ.व.का दरहरु	आ.व.०८३/८४ को प्रस्तावित दरहरु	कैफियत
१	संस्थागत/व्यक्तिगत	प्रतिशत १०	प्रतिशत १०	
२	पक्की घर आफैं बस्ने प्रयोजनका लागि आर.सी.सी. पिलर भएको			
	एक तले	२००	२००	
	दुई तले	३००	३००	
	तिन तले	४००	४००	
	चार तले	५००	५००	
३	पक्की घर व्यावसायिक / भाडामा दिने प्रयोजनका लागि			
	एक तले	५००	५००	

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

	दुई तले	७००	७००	
	तिन तले	९००	९००	
	चार तले वा सोभन्दा माथि	१२००	१२००	
४	**ढुंगा माटोले बनाएको र ढुङ्गा वा जस्तापाताले छाएको घर**			
	व्यक्तिगत प्रयोजनका लागि	१००	१००	
	व्यवसायिक प्रयोजनका लागि	२००	२००	
	गाउँपालिका र वडा कार्यालयका हल भाडा प्रति दिन	१०००	१०००	
	गाउँपालिका र वडा कार्यालयका कुर्ची प्रतिदिन प्रति कुर्ची	२	२	
	कृषि व्यवसाय तथा कृषि फर्म प्रयोजनका लागि जग्गा बहालमा लगाएमा व्यावसायीको स्वघोषणा प्रतिशत वा २ प्रतिशत जग्गा बहालकरमा जुन बढी हुन आउँछ सोही बमोजिम जग्गा बहालकर संकलन गरिनेछ ।			

अनुसूची -४. व्यवसाय कर

सि.नं.	व्यवसाय कर	चालु आ.व.का दरहरु	आ.व.०८३/८४ को प्रस्तावित दरहरु	कैफियत
१	**मदिरा पसल**			
	वितरक	२०००	२०००	
	थोक विक्रेता	१५००	१५००	
	खुद्रा विक्रि पसल	१०००	१०००	
२	**चुरोट बिडी सुर्तीजन्य**			
	आयातकर्ता	१५००	१५००	
	थोक विक्रेता	१०००	१०००	
	खुद्रा विक्रि पसल	७००	७००	
३	**सुनचाँदी पसल**			
	थोक रुपमा फेन्सी गहना बनाई विक्रि गर्ने पसल	२०००	२०००	
	साना वा हाते गहना बनाई विक्रि गर्ने पसल	१५००	१५००	
	साधारण गहना बनाई विक्रि गर्ने पसल	५००	५००	
४	**औषधी पसल**			
	औषधि थोक विक्रेता	२०००	२०००	
	औषधि खुद्रा पसल(डाक्टर भएको)	१०००	१०००	
	औषधि खुद्रा पसल (डाक्टर नभएको)	७००	७००	

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

तोरण मल्ल ठकुरी
अध्यक्ष

	आयुर्वेदिक औषधि पसल	५००	५००	
	एग्रोभेट थोक विक्रेता पसल	१०००	१०००	
	एग्रोभेट खुद्रा विक्रेता पसल	५००	५००	
